नेपाल सरकार

भूमि व्यवस्था,सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तु

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

## स्वत:प्रकाशन गर्नुपर्ने विवरणहरु

**(Proactive Disclours)**

२०८३ वैसाख १ देखि ०८३ असार मसान्त सम्मको चौथौ त्रैमासिक विवरण



जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तु

मिति २०८३।०४।१४

शाखा अधिकृत

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी



CamScanner

## स्वत:प्रकाशन (Proactive Disclours)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । सूचनाको हकलाई संविधानले नै मौलिक हकको रुपमा प्रत्याभुत गरे अनुरुप यस जिल्ला समन्वय समितीको कार्यालय कपिलवस्तुबाट हुने कार्यसम्पादनलाई लोकतान्त्रिक पद्धति अनुरुप खुला तथा पारदर्शी बनाई सार्वजनिक महत्वको सूचनामा आम नागरिहरुको पहुँचलाई सरल र सहज बनाउनु हाम्रो दायित्व हो । सूचनाको हकसम्वन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता जवाफदेहिता र विश्वसनीयताको लागि नियमित रुपमा विवरण प्रकाशित (Proactive Disclours) गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तु द्वारा आ.व.२०८२/०८३ को चौथौ त्रैमासिक (२०८३ वैसाख जेष्ठ र असार महिनामा) सम्पादित कामको मूख्य-मूख्य विवरण प्रस्तुत गरिएको छ ।



शाखा अधिकृत

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

जिल्ला समन्वय समितिको कार्यालय
कपिलवस्तु

## विषयसूची


१. जि.स.स.को स्वरुप र प्रकृति
२. जि.स.स.को काम कर्तव्य र अधिकार
३. जि.स.स.मा रहने कर्मचारी संख्या र कार्य विवरण
४. जि.स.स. बाट प्रदान गरिने सेवा
५. जि.स.स.को शाखा र जिम्मेवार अधिकारी
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद
११. ऐन नियम विनियम वा निर्देशिकाको सूची
१२. आम्दनी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण


शाखा अधिकृत

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

## १. जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तुको स्वरुप र प्रकृति

नेपालको संविधानको धारा २२०(१) मा भएको व्यवस्था बमोजिम प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिको कार्यालय रहने भन्ने व्यवस्था भएबमोजिम जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तुको स्थापना भएको हो । प्रत्येक जिल्ला समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहने व्यवस्था भएकोमा एक सदस्यको मृत्यु भएकोले हाल ८ सदस्यीय समिती रहेको छ । कपिलवस्तु जिल्ला समन्वय समितिको बैठक मासिक र आवश्यकता अनुसार बस्ने गरेको छ । केन्द्र सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी ( रा.प.द्वि श्रेणी ) को नेतृत्वमा निजामती स्थायी तथा करार सेवातर्फका कर्मचारीहरु कार्यरत रहेका छन । यस समितिले नेपालको संविधानका साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ ले निर्दिष्ट गरेका कार्यहरु गर्दै आएको छ ।

## २. जिल्ला समन्वय समितिको कार्यालय कपिलवस्तुको काम, कर्तव्य र अधिकार

देहाय बमोजिमका कार्यहरु यस समितिको कार्यक्षेत्र भित्र पर्दछन

क. <u>नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु</u>

- जिल्ला भित्रका गांउपालिका र नगरपालिका बीच समन्वय गर्ने
- विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमनको कार्य गर्ने
- जिल्लामा रहने संघीय र प्रदेश कार्यालय तथा गांउपालिका र नगरपालिकाबीच समन्वय गर्ने
- प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने

ख. <u>स्थानीय सरकार संचालन ऐन, २०७४ तथा लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको जिल्ला सभा र जिल्ला समन्वय समिति सञ्चालन सम्वन्धी ऐन,२०७५ बमोजिमका कार्यहरु:-</u>

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ मा जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ ।

- जिल्लाभित्र गांउपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने
- जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्याबरणीय सन्तुलन कायम गर्ने आवश्यक सुझाब वा मागर्दशन दिने र त्यसरी दिएका सुझाव वा मार्गर्दशनलाई सार्वजनिक गर्ने ।



शाखा अधि.

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

जिल्लाभित्र गांउपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घ संग समन्वय गर्ने

- जिल्लामा रहने संघीय र प्रदेश कार्यालय तथा गांउपालिका र नगरपालिकावीच समन्वय गर्ने
- जिल्लाभित्र गांउपालिका वा नगरपालिकाबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने
- जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्वन्धी योजना र कार्यको समन्वय गर्ने
- जिल्ला भित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने ।
- जिल्ला भित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन अनुसन्धान तथा अनुगमन गरी निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय स्थानीयतह सम्वन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्वन्धित गांउपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने ।
- आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने ।
- जिल्ला भित्रका विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लावाट संघीय सांसद र प्रदेश सभाका प्रतिनिधित्व गर्ने संसदसदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।
- नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।
- जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ ।

## ३. जि.स.स पदाधिकारी / कर्मचारी दरवन्दी / कर्मचारी सख्या र कार्य विवरण

क. जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तुका पदाधिकारीहरुको विवरण

| सि.न. | पदाधिकारीको नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | श्री बाबुराम आचार्य | प्रमुख | ९८५७०५०८०२ | |
| २ | श्री रनेश कुर्मी | उप प्रमुख | ९८२१४६५१२१ | |
| ३ | श्री राजेन्द्र प्रसाद कुर्मी | सदस्य | ९८०७४१११४७ | ०८०।०४।१० मा मृत्यु |
| ४ | श्री सुनिता चमार | सदस्य | ९८२१५९०२७० | |
| ५ | श्री रामु अहिर | सदस्य | ९८२१५७१५९० | |
| ६ | श्री सध्या पौडेल खान | सदस्य | ९८१७४२००४२ | |



शाखा अधिकृत

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

| | | | | |
|---|---|---|---|---|
| ७ | श्री सुमित्रा दमई | सदस्य | ९८४७४२७३९६ | |
| ८ | श्री शकुन्तला भण्डारी | सदस्य | ९८६७१३६२३७ | |
| ९ | श्री मनब्बर धुनिया | सदस्य | ९८०४४६४८७७ | |

ख. दरवन्दी विवरण

| सि.न. | पद | श्रेणी | दरवन्दी अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | दरवन्दी | पूर्ति | रीक्त | |
| १ | जिल्ला समन्वय अधिकारी | रा•प•द्धितिय | १ | १ | | |
| २ | शाखा अधिकृत | रा•प•तृतिय | १ | १ | | |
| ३ | इन्जिनियर | रा•प•तृतिय | १ | ० | १ | |
| ४ | ना•सु | रा•प•अन प्रथम | १ | १ | | |
| ५ | लेखापाल | रा•प•अन प्रथम | १ | ० | १ | |
| ६ | सव- इन्जिनियर | रा•प•अन प्रथम | १ | ० | १ | |
| ८ | खरिदार | रा•प•अन दृतीय | १ | ० | १ | |
| ९ | कार्यालय सहयोगी | श्रेणी बिहिन | ३ | ३ | ० | करार पूर्ति |
| १० | ह•स•चा | श्रेणी बिहिन | २ | २ | ० | करार पूर्ति |

ग. जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी निजामती कर्मचारीहरुको विवरण

| सि.न. | कर्मचारीको नाम | पद/श्रेणी | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री जनार्दन अधिकारी | जिल्ला समन्वय अधिकारी | ९८५७०७८२२२ |
| २ | श्री छक लाल आले | शाखा अधिकृत | ९८६७७८९८२७ |
| ३ | श्री सुरेन्द्र प्रसाद बेलवासे | ना.सु | ९८५७०४५६६८ |
| ४ | श्री मोहनलाल आचार्य | का.स. | ९८४७२०४५४९ |

घ. जिल्ला समन्वय समितिमा हाल करारमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.न. | कर्मचारीकोको नाम | पद/श्रेणी | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री रिखिराम घिमिरे | ह.स.चा. | ९८६७१७७३७९ |
| २ | श्री हरिनारायण यादव | ह.स.चा. | ९८६७३२५१९६ |
| ३ | श्री श्याम आचार्य | का.स. | ९८४४१८५२२६ |
| ४ | श्री दिपक डफाली | का.स. | ९८२७५९७११७ |

शाखा अधिकृत

४. जिल्ला समन्वय समितिको कार्यालय, कपिलवस्तुबाट प्रदान गरिने सेवाहरु

नेपालको संविधान स्थानीय सरकार संञालन ऐन २०७४ साथै संघीय र प्रदेश कानून बमोजिमका सबै सेवाहरु ।

क. समन्वय र सहकार्य

- संघिय एव प्रदेश सरकारको पत्र परीपत्र अनुसार विभिन्न निकायको बैठकका लागि सहजीकरणका साथै संघ/प्रदेशबाट माग भएको विवरण पठाउन पालिकामा अनुरोध तथा समन्वय ।
- जिल्ला स्थित सरकारी कार्यालय एवम पालिकाहरु बिच समन्वय बैठक ।
- पालिकाहरुबाट लगाइने नदीजन्य पदार्थ ठेक्का सम्बन्धमा समन्वय ।
- पालिकाको माग बमोजिम बिभिन्न निकायमा सिफारिस ।
- विभिन्न निकायहरुको बैठकका लागि सहजीकरण तथा सहभागिता ।
- जिल्ला स्थित कार्यालय एवं पालिकाहरुको बार्षिक कार्यक्रमको प्रगति एवं समिक्षा बैठक
- जिल्ला समन्वय समिति मौज्दात कोष तर्फ जि.स.स तथा पालिकाको लागत साझेदारीका योजना स्वीकृत ।
- जिल्ला सभा ।

ख. अनुगमन

- पालिकाहरुबाट लगाइएको नदीजन्य पदार्थ ठेक्काको अनुगमन गरी अनियमित संकलन ओसारपसार भएको पाइएमा कानुन बमोजिम कारवाहीका लागि जिल्ला अनुगमन सिमितिमा पेश गर्ने / अनियमित ओसारपसार भाइरीरहेको अवस्थामा नियन्त्रणमा लिइ कारवाहीका लागि जिल्ला अनुगमन समितिको निर्णयानुसार सबन्धित पालिकामा पठाउने कार्य ।
- संस्थाको अनुरोध बमोजिम विभिन्न निकायहरुको बैठकका लागि सहजीकरण / तथा संस्थाको क्रियाकलापको अनुगमन ।
- जिल्ला समन्वय समिति मौज्दात कोष अन्तरगतका योजना अनुगमन ।

५. जिल्ला समन्वय समितिको शाखा र जिम्मेवार अधिकारी

| सि.न. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क नं. |
|---|---|---|---|
| १ | अनुगमन मुल्याङ्कन तथा सूचना शाखा | श्री छक लाल आले(नयाँ व्यवस्था नभएसम्म खटाइएको) | ९८४०३५३६७१ |
| २ | व्यवस्थापन शाखा<br>प्रशासन | श्री छक लाल आले<br>श्री सुरेन्द्र प्रसाद बेलवासे | ९८६७७८९८२७<br>९८५७०४५६६८ |



शाखा अधिकृत

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | लेखा | श्री उनेश थारु (कोलेनिका द्वारा कामकाजमा खटाइएको) | ९८६९४५०००५ |
| | | जिन्सी | श्री सुरेन्द्र प्रसाद बेलवासे | ९८५७०४५६६८ |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि-

- निशुल्क रुपमा यथाशिघ्र सेवा उपलब्ध हुन्छ ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकार

सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सूचनाको हकसम्बन्धी ऐन, २०६४ लगायतका अन्य प्रचलित कानून बमोजिम हुने

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- कार्यालयको दैनिक कामकाज सम्बन्धमा भएको निर्णय सम्बन्धी उजुरी - जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीको निर्णय सम्बन्धी उजुरी – जि.स.स. प्रमुख

## ९. सम्पादन गरेका कामको विवरण

मिति २०८३ वैसाख १ गतेदेखि मिति २०८३ असार मसान्तसम्मको त्रैमासिक अवधिमा यस कार्यालयबाट सम्पादित कामको विवरण देहायबमोजिम रहेको छ ।

- जिल्ला समन्वय समितिको नियमित बोर्ड बैठकहरु ३ पटक सम्पन्न गरिएको ।
- मौज्दात कोष सम्बन्धी बैठक तथा निर्णय १ पटक गरिएको।
- प्रदेश स्थित कार्यालयहरुमध्ये सडक पुर्वाधार कार्यालय तथा सिंचाई डिभिजन कार्यालय लगायत अन्य कार्यालयसगँ सम्बन्धित योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन गरी सुझाव प्रदान गरिएको।
- असार ४ गते बहुक्षेत्रिय पोषण कार्यक्रमको समिक्षा कार्यक्रम तथा बहुक्षेत्रिय पोषण कार्यक्रम सन्चालन भइरहेका पालिकाहरुमा बिभिन्न मितिमा स्थलगत अनुगमन,छलफल तथा निरिक्षण गरी सुझाव प्रदान गरि प्रतिवेदन तयार गरेको।
- पालिकाहरुको बजेटमा बिभिन्न क्षेत्रगत सन्तुलन कायम गर्न सन्तुलित विकासका ३ आ.व. को बजेट व्यवस्थापनसम्बन्धी फर्मेट तयार गरी सबै पालिकामा गई छलफल तथा सुझाव प्रदान गरेको।
- सामाजिक विकाससमबन्धी सूचकहरुको यथार्थ स्थितिको बारेमा तथ्यांक संकलनका लागि सम्पुर्ण पालिकामा विशेषत सामाजिक विकास शाखामा गई छलफल तथा समन्वय गरेको।

शाखा प्रमुख

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

- सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणाका लागि सम्पुर्ण पालिका,मानव सेवा आश्रम तथा प्रदेशसँग समन्वय तथा सहकार्य गरेको।
- कपिलवस्तु जिल्ला पूर्ण खोप सुनिश्चितता घोषणा, कपिलवस्तु न.पा. को वडा नं ६ र ११ लाई बालमैत्री वडा घोषणा,बाणगंगा नगरपालिकामा संस्थागत प्रसुतियुक्त घोषणा,पोषणमैत्री स्वास्थ्य संस्था सुनिश्चितता घोषणा,पत्रु खाना निषेधित नगरपालिकालगायत वडा नं. ४ र ९ लाई पोषणमैत्री वडा घोषणा आदी विभिन्न घोषणा कार्यक्रममा अनुगमन,अनुमती प्रदान तथा समन्वय र सुझाव प्रदान गरेको।
- ६ दिने अन्तरजिल्ला कर्मचारी तथा जनप्रतिनिधी भ्रमण गरी कर्णाली तथा सुदुरपश्चिम जिल्लाका विभिन्न ४ वटा जि.स.स. मा अन्तरक्रिया तथा अभ्यासको बारेमा सिकाई प्राप्त गरिएको।
- मिति २०८३ साल वैसाख २३ र २४ गते जि.स.स. का पदाधिकारी तथा कर्मचारीको लागि क्षमता अभिवृद्वी कार्यक्रम गरी विविध विषयमा सिकाई हसिल गरेको।
- मिति २०८३ साल असार ४ गते जिल्ला स्तरिय बाल भेला कार्यक्रम गरेको।
- मानव अधिकार जिल्ला समन्वय समितिको बैठकमा आमन्त्रण तथा सहजीकरण गरेको ।
- जिल्लास्तरिय दिवस समारोह समितिको बैठक बसी गणतन्त्र दिवस मनाउन सहजीकरण गरेको।
- कपिलवस्तु जिल्ला विभिन्न विषयगत कार्यालय तथा गैर सरकारी संस्था हरुको कार्यक्रम, आयोजना तथा बैठकहरुमा सहभागी भई सहजीकरण,समन्वय तथा सहकार्य गरेको।
- संघ, प्रदेश र स्थानीय तहसगँ सम्वन्धित कार्यालयसँग समन्वय र सहकार्य गरिएको।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

. कार्यालय प्रमूख : जिल्ला समन्वय अधिकारी श्री जनार्दन अधिकारी

. सूचना अधिकारी : शाखा अधिकृत श्री छक लाल आले

## ११. ऐन नियम विनियम वा निर्देशिकाको सूची

. नेपालको संविधान

. स्थानीय सरकार संचालन ऐन, २०७४

. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४

. आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली २०७७

. गांउ / नगरसभा कार्य संचालन कार्यविधी २०७६ लुम्बिनी प्रदेश

. जिल्ला सभा तथा जि.स.स. सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ लुम्बिनी प्रदेश

. वातावरण संरक्षण ऐन, २०७६ नियमावली ०७७ संघीय सरकार

. वातावरण संरक्षण ऐन, २०७७ नियमावली २०७७ लुम्बिनी प्रदेश

शाखा अधिकृत

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

CamScanner

- स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली, २०७७ नेपाल सरकार
- ढुंगा गिट्टी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड ०७७ नेपाल सरकार
- नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ लुम्बिनी प्रदेश
- संघ प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७

## १२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण आ.व ०८२/०८३

| सि.न | विवरण/ब उ शि नं | प्राप्त रकम | वजेट थप | असार मसान्त सम्म खर्च भएको रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३६५००१०५३ | १६५३३०१३.०० | | १३६०९२४४.१९ | २९२३७६८.८१ | |
| २ | ३६५००१०६३ | १००००००.०० | - | ९५२५०.०० | ४७५०.०० | |
| ३ | ३६५००१०२३ | ५००००.०० | - | ४७१००.७३ | २८९९.२७ | |
| ४ | ६०१०००१३३ | ६७०२४८.०० | - | ६७०२४८.०० | ०.०० | |
| ५ | ६०१०००१६३ | ९३८३४७.०० | | ९३८३४७.०० | ०.०० | |

कार्य संचालन कोष तथा धरौटी तर्फ

| सि.न. | विवरण/ब उ शि नं. | गत आ.व.को बाँकी रकम | यस वर्ष प्राप्त रकम | असार मसान्त सम्म खर्च भएको रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मौज्दात कोष ,भारतीय दुतावास तर्फ र अन्य विभिन्न कोष तर्फ | १६६६२२५६१.९४ | ६७०८७३.९८ | ११५७७००१.३६ | १५५०३०७५४.२७ | बाँकी रकम दायित्व श्रृजना भएको समेत |
| २ | Covid-19 नियन्त्रण | १७५१००.०० | | | १७५१००.०० | |
| ३ | जि.स.स को धरौटी मासिक | ७८३७९१९.१० | - | ११६१९१.०० | ७७२१७२८.१० | |

प्रदेश तर्फ (कार्य संचालन कोष समेत)

| सि.न. | कार्यक्रम/ क्रियाकलाप | खर्च शीर्षक | यस वर्ष प्राप्त रकम | असार मसान्त सम्म खर्च भएको | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|

शाखा अधिकृत

जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी

CamScanner

| | | | | रकम | | |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय सामान स्टेशनरी तथा मसलन्द खर्च | २२३११ | २००००० ०० | १५९६५७ ७० | ४०३४२ ३० | |
| २ | स्थानीय तहको विकास व्यवस्थापनको समिक्षा | २२५२२ | १००००० ०० | ८०००० ०० | २०००० ०० | |
| ३ | अनुगमन मुल्याङ्कन खर्च | २२६११ | २००००० ०० | १३९२०४ ७० | ६०७९५ ३० | |

## १३. तोकिए बमोजिम अन्य विवरण

. संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको ।

. जिल्ला दररेट निर्धारण समिति, भूमि सम्बन्धी समाधान आयोग जिल्ला समिति, विपद व्यवस्थापन समिति, जिल्ला अनुगमन तथा व्यवस्थापन समिति लगायतका समितिमा तोकिए बमोजिम जि.स.स.को अगुवाई तथा प्रतिनिधित्व गर्ने गरेको ।

सुचना अधिकारी
नाम:छक लाल आले
हस्ताक्षर:
शाखा अधिकृत

कार्यालय प्रमुख
नाम:जनार्दन अधिकारी
हस्ताक्षर:
जनार्दन अधिकारी
जिल्ला समन्वय अधिकारी